यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।

सम्पर्क: ०६१–५३६४५५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक ३० ○श्रेणी 'क' ○२०७२ असोज ३० गते शनिबार ○ 17 Oct. 2015 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

खुशीको खबर !!!

योग निद्रा सिकेर आफूलाईं रोगमुक्त राख्नुहोस् ।

नेपाल र पोखरामा पहिलो पटक ।

शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।

शुल्क मात्र रु.१०००।- मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।

सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।

मोवाइल : ९८१६१०२२१६

सभामुखमा घर्ती, उपसभामुखमा यादव

गोल्डेन न्यूज संवाददाता
काठमाडौं २९ असोज ।

एकीकृत नेकपा माओवादीकी सांसद् ओनसरी घर्ती सभामुखमा निर्वाचित भएकि छन् । एमाओवादी सांसद् घर्ती व्यवस्थापिका संसद्मा शुक्रबार भएको निर्वाचनमा सभामुखमा निर्विरोध निर्वाचित भएकि छन्। नेपाल मजदूर किसान पार्टी (नेमकिपा) की सांसद् अनुराधा थापामगरले पनि सभामुखमा उम्मेद्वारी दिएकामा नेमकिपाले थापामगरलाई निर्वाचित गरियोस् भन्ने प्रस्ताव अन्तिम समयमा फिर्ता लिएपछि घर्ती निर्विरोध निर्वाचित भएकि हुन्। संसद् बैठकको अध्यक्षता गरेका लक्ष्मण राजवंशीले सभामुख पद्का लागि एक मात्र प्रस्ताव कायम रहेकाले घर्ती निर्विरोध निर्वाचित भएको घोषणा गरे। नेपालको इतिहासमा घर्तीले पहिलो महिला सभामुख बनेर इतिहास कायम गरेकी छन्। नेपालमा हालसम्म पाँच जनाले सभामुखको जिम्मेवारी सम्हालेकामा घर्ती त्यो पदमा पुग्ने पहिलो महिला हुन्छ । घर्तीले नेकपा एमालेकी उपाध्यक्ष विद्या भण्डारीको प्रस्ताव तथा राप्रपा नेपालकी सांसद् कुन्ती शाहीको समर्थनमा शुक्रबार अपरान्ह उम्मेद्वारी दर्ता गराएकी थिइन्। निर्धारित समयभन्दा दुई घण्टा ढिला सुरु भएको संसद् बैठकमा एमाले उपाध्यक्ष विद्या भण्डारी र राप्रपा नेपालकी सांसद् शाहीले घर्तीको संघर्षको चर्चा गरेका थिए। उनीहरुले महिलाहरुले जस्तोसुकै संर्घष गरेर आफूलाई प्रतिस्पर्धामा खरोरुपमा उतार्न सक्छन् भन्ने कुरा घर्तीको जीवन राम्रो उदाहरण भएको बताए। मुख्य विपक्षी नेपाली काँग्रेसले पनि घर्तीलाई समर्थन गरेको थियो । काँग्रेस उपसभापति रामचन्द्र पौडेलले एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले गरेको लिखित आग्रह अनुसार आफ्नो पार्टीले घर्तीलाई समर्थन गरेको बताए। नवनिर्वाचित सभामुख घर्तीसँग २० महिना उपसभामुखको जिम्मेवारी निभाएको अनुभव छ । उनी यसअघि ०७० सालको फागुन १४ गते उपसभामुख निर्वाचित भएकी थिइन्। घर्तीले त्यतिबेला

नेमकिपाकी सांसद् अनुराधा थापामगरलाई पराजित गरेकी थिइन । संविधान सभाको दोस्रो निर्वाचनमा रोल्पा जिल्लाको निर्वाचन क्षेत्र नम्बर २ बाट निर्वाचित घर्ती यसअघि युवा तथा खेलकुद् मन्त्री पनि भएकी थिइन्। तत्कालीन माओवादीले संचालन गरेको दश वर्षे जनयुद्धकालमा घर्ती हतियार समाएर भूमिगत भएकी थिइन्।घर्ती एमाओवादीका सचिव वर्षमान पुनकी पत्नी हुन्।

उपसभामुखमा गंगा यादव

व्यवस्थापिका संसद्को उपसभामुखमा राप्रपा नेपालका सांसद् गंगाप्रसाद यादव निर्वाचित भएका छन्। व्यवस्थापिका संसद्मा शुक्रबार साँझ भएको निर्वाचनमा राप्रपा नेपालका सांसद् यादव निर्विरोध निर्वाचित भएका हुन्। नेपाल मजदूर किसान पार्टीले आफ्ना सांसद् डिल्ली प्रसाद काफ्लेलाई उप सभामुखमा निर्वाचित गर्न दर्ता गराएको प्रस्ताव फिर्ता लिएपछि ६५ वर्षिय यादव उपसभामुखमा निर्वाचित भएका हुन्। १६ वर्षको उमेरदेखि राजनीतिमा लागेका सप्तरीका यादव पंचायतकालमा वडाध्यक्ष हुँदै प्रधानपंच चुनिएका थिए । प्रधानपंचकै छोरा रहेका यादव २०५४ सालमा सप्तरीको जोगिनिया गाविसको अध्यक्ष निर्वाचित भएका थिए। तत्कालीन राजा ज्ञानेन्द्रको शासनकालमा सप्तरी जिल्लाको उपसभापति बनेका यादव राप्रपा नेपालको सप्तरी जिल्ला अध्यक्षदेखि केन्द्रीय सदस्य हुँदै राजनीतिमा सक्रिय छन्।

सभामुख घर्तीको जीवनी

नेपाली समाजमा एउटा उखान प्रचलित छ, 'नपत्याउँदो खोलाले बगाउँछ ।' सभामुख पदमा ओनसरी घर्तीको शुक्रबार भएको निर्वाचनले यही उखानलाई सम्झाएको छ । नेपालको सर्वोच्च मर्यादाक्रममा पाँचवटा पदलाई अति विशिष्ट रुपमा लिने गरिन्छ, ती हुन्-राष्ट्रपति, उपराष्ट्रति, प्रधानमन्त्री, प्रधानन्यायाधीश र सभामुख । रोल्पाको सामान्य परिवारबाट राजनीतिमा उठेको सामान्य महिला शुक्रबार मुलुकको पाँचवटा सर्वोच्च पदमध्ये एउटा पद सभामुखमा निर्वाचित भएकी छन् । यसरी नेपाली लोक परम्परामा प्रचलित उखान 'नपत्याउने खोलाले बगाउँछ' ओनसरी घर्तीको हकमा पूर्णत: लागू भएको छ । दोस्रो संविधानसभाको निर्वाचनमा एकीकृत नेकपा (माओवादी) ले सोचेअनुरुप नतिजा ल्याउन सकेन । २४० वटा निर्वाचन क्षेत्रमा भएको निर्वाचनमा २६ सदस्य मात्र प्रत्यक्ष रुपमा विजय हासिल गर्न सफल भयो, एमाओवादी । त्यसमध्येकी एक भइन ओनसरी घर्ती । पार्टीका ठूला र स्थापित नेताले निर्वाचनमा पराजय भोगिरहँदा माओवादी जनयुद्धको आधारभूमि मानिने रोल्पा क्षेत्र नं २ बाट निर्वाचन जित्ने एक्ली महिलाका रुपमा उनको सिंहदरबार प्रवेश भयो । शक्ति सन्तुलनका आधारमा उनले उपसभामुखको दायित्व कुशलता पूर्वक निर्वाह गरिन् । संविधान सभाको काम कारबाहीमा उनको सक्रिय योगदान र लगावले रोल्पाको सामान्य महिला घर्तीको उचाइ एकाएक बढाइदियो । संविधान घोषणालगत्तै नेपाली राजनीतिले कोल्टे फेर्‍यो । संविधान जारी गर्ने बेलामा प्रमुख राजनीतिक दलबीच भएको १६ बुँदे सहमतिलाई अगाडि बढाउने वा नबढाउने भन्नेमा दलबीच विवाद देखियो । अन्तमा नेकपा (एमाले) का अध्यक्ष एवम् प्रधानमन्त्रीका उम्मेदवार केपी शर्मा ओलीलाई एकीकृत नेकपा (माओवादी)ले साथ एवम् सहयोग गर्‍यो र ओली नेपालको ३८औं प्रधानमन्त्रीका रुपमा निर्वाचित भए । प्रधानमन्त्रीको चयनसँगै सभामुख र उपसभामुख चयन गर्ने कार्यतालिका प्रकाशित भयो । सोही बेला एमाओवादीले पार्टी महासचिव कृष्णबहादुर महरालाई सभामुखमा पठाउने चर्चा र परिचर्चा पनि चल्यो । तर महराले निष्क्रियजस्तो लाग्ने सभामुखको पदमा जान अस्वीकार गरे । त्यसपछि प्रमुख सचेतक गिरिराजमणि पोखरेलको नाम सतहमा आयो, उनले पनि अनिच्छा प्रकट गरेपछि बिहीबार बसेको एमाओवादीको स्थायी समितिको बैठकले घर्तीलाई सभामुखको उम्मेदवार बनाउने निर्णय गर्‍यो । संयोग नै मान्नुपर्छ, नेपालको राजनीतिक इतिहासमा एउटा महिलाले पाएको सर्वोच्च सभामुखको पदमा घर्तीले आफूलाई विजयी तुल्याएका छन् ।

यसअघि उपसभामुखभन्दा माथि चढ्न नसकेका महिला नेत्रीहरूमध्ये घर्तीले सफलताको उच्च शिखर चढ्केकी छन् । नेपालको सर्वोच्च मर्यादाक्रममा राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधान न्यायाधीस र सभामुख पदसँग मात्र सम्माननीय शब्द प्रयोग हुन्छ, त्यो पदवी प्राप्त गर्ने महत्वपूर्ण अवसर घर्तीले प्राप्त गरेका छन् ।

उनले पाएको यो सम्माननीय पद विगतको सङ्घर्षमय जीवनले निर्धारण गरिदिएको हो । निर्वाचनमा महिला नेत्रीहरू विजयी नहुनु, पार्टीका वरिष्ठ नेताहरूले सो पद अस्वीकार गर्नुले पनि घर्तीलाई सहज रुपमा बाटो खोलिदिएको हो । नवनिर्वाचित सभामुख घर्तीको जन्म रोल्पाको जङ्काट गाविस माडिचौरको एक साधारण किसान परिवारमा २०३४ साल कात्तिक २८ गते भएको थियो । ३८ वर्षको युवा उमेरमा नै सभामुख पदमा निर्वाचित हुने उनी सम्भवत: नेपालको राजनीतिक इतिहासमा कान्छो सभामुख हुन् ।

माओवादी आन्दोलनमा लागेका ठूला र स्थापित अनुहार भएका महिला नेत्रीलाई पछि पार्दै घर्ती सो पदमा पुगेकी हुन् । विसं २०४६ देखि विद्यार्थी आन्दोलनवाट राजनीतिमा प्रवेश गरेकी घर्ती २०४८ सालमा विद्यार्थी सङ्गठनको जिल्ला कोषाध्यक्ष र महिला जिल्ला सदस्य तथा नेकपा (एकता केन्द्र)को पार्टी सदस्यता प्राप्त गरिन् ।

माओवादीले २०५२ सालदेखि सुरु गरेको सशस्त्र सङ्घर्षमा रोल्पाबाट दलमा आबद्ध हुने थोरै महिला लडाकुमध्ये घर्ती एक हुन् । विसं २०५२ मा पार्टीको जिल्ला भेलामा माओवादी नेता वर्षमान पुनसँग जनवादी प्रेम विवाह गरेकी उनले २०५२ सालको सशस्त्र सङ्घर्षको सुरुवातको रोल्पा होलेरी चौकी आक्रमणमा लडाकुका रुपमा सहभागी र भूमिगत जीवनको सुरुवात गरेकी हुन् ।

विसं २०५४ मा नेकपा (माओवादी) रोल्पा जिल्ला समिति सदस्य, २०५७ मा क्षेत्रीय ब्यूरो सदस्य, २०६० मा केन्द्रीय सदस्य, २०७० सालमा पोलिटब्यूरो सदस्य हुँदै २०६४ को पहिलो संविधान सभामा समानुपातिक तर्फबाट संविधानसभा सदस्य भइन । रोल्पादेखि पूर्वी पहाडसम्म माओवादी सशस्त्र सङ्घर्षलाई फैलाउन विशेष भूमिका निर्वाह गरेकी घर्तीले माओवादी सेनाको उच्च तहमा समेत पुगेकी थिइन । विसं २०६७ को झलनाथ खनाल मन्त्री परिषद्मा युवा तथा खेलकुद मन्त्रीसमेत भएकी घर्ती दोस्रो संविधानसभामा रोल्पा २ नम्बर क्षेत्रवाट विजयी भइन र

बाँकी अन्तिम पृष्ठमा......

प्रहरी दिवसमा रक्तदान र फेवाताल सफाई

गोल्डेन न्यूज संवाददाता
पोखरा २९ असोज ।

६० औं नेपाल प्रहरी दिवसको अवसरमा आयोजित रक्तदान कार्यक्रममा ८० युनिट रगत संकलन भएको छ । प्रहरी दिवस बिभिन्न कार्यक्रम गरी मनाउने क्रममा शुक्रवार आयोजित रक्तदानमा ८० जना प्रहरी कर्मचारीले रक्तदान गरेको प्रहरी निरीक्षक कृष्ण कार्कीले जानकारी दिए । पश्चिम क्षेत्रीय प्रहरी कार्यालयको आयोजनामा भएको रक्तदानमा क्षेत्रीय प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक पंकज श्रेष्ठ, जिल्ला प्रहरी प्रमुख हरि बहादुर पाल लगायत पोखरामा रहेका बिभिन्न युनिटका प्रहरी अधिकृत एबं कर्मचारीहरुको उपस्थिति थियो । रक्त सञ्चार केन्द्र पोखराको प्राबिधिक सहयोगमा रक्तदान कार्यक्रम सम्पन्न भएको हो । प्रहरी दिवसको अबसरमा विहिवार पोखराको फेवातालबाट चार ट्रक जलकुम्भी झार निकालिएको थियो । प्रहरी दिवसको मूल कार्यक्रम भने शनिबार विहान हुने भएको छ । कार्यक्रमको अबसरमा यस क्षेत्रका अमर प्रहरी प्रति श्रद्धान्जली अर्पण गर्नुको साथै उत्कृष्ठ प्रहरी कर्मचारीलाई पुरस्कृत पनि गरिने पश्चिम क्षेत्रीय प्रहरी कार्यालय पोखराले जनाएको छ । यसैगरी प्रहरी दिवसको अवसरमा पोखराको फेवाताल सफाई गरिएको छ । नेपाल प्रहरी दिवस २०७२ को अवसरमा आयोजित विभिन्न कार्यक्रम अन्तर्गत फेवाताल सरसफाई गरिएको हो । पश्चिम क्षेत्रीय प्रहरी कार्यालय पोखराको आयोजनामा विहीवार फेवातालबाट चार ट्रक जलकुम्भी झार निकालिएको छ ।

तालको सुन्दरता बिगार्ने जलकुम्भी झार हटाउन पश्चिम क्षेत्रीय प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक पंकज श्रेष्ठको कमाण्डमा एक सय तीन प्रहरी खटिएका थिए । फेवातालको बाराहीघाट सहित ताल वाराही मन्दिर आसपासको क्षेत्रमा रहेका झार हटाईएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी उपरीक्षक हरि बहादुर पालले जानकारी दिए । प्रहरी दिवसको अबसरमा शुक्रवार क्षेत्रीय सशस्त्र प्रहरी गण ड्यामसाईडमा रक्तदान कार्यक्रम र शनिवार विशेष कार्यक्रम तय गरिएको क्षेत्रीय प्रहरी कार्यालय पोखराले जनाएको छ ।

प्लाष्टिक झोलाको विकल्प,
कागज कपडाको संकल्प ।
प्लाष्टिक झोलाको सट्टामा
मासु बेचौं बट्टामा ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

अल्ट्रालाइट अझै फेला परेन

गोल्डेन न्यूज संवाददाता
पोखरा २९ असोज ।

असोज २१ गते विहिवार बिहान देखि बेपत्ता पोखरा अल्ट्रालाईट जहाज हराएको ९ दिन बित्यो तर पत्तो छैन । पाईलट र एक यात्रु सहित बेपत्ता एन ए एल आइ कलसाईनको क्लोज एयर क्राफ्ट जहाजको अबस्था अझै अज्ञात छ । संभावित स्थानमा खोजी गरेपनि पत्तो नलागेपछि तत्काल भेट्टाउन संभाबना टर्दै गएको छ । अन्नपूर्ण क्षेत्र, हिमाली क्षेत्र, कास्की, स्याङ्जा र पर्वतको संभाबित सबै क्षेत्रमा खोजी गरेपनि विमान र त्यसमा सवार दुई जनाको अबस्था अज्ञातनै छ । हिमाली क्षेत्र सहित संभाबित क्षेत्रमा हेलिकप्टर र पोखरा अल्ट्रालाईट कम्पनीको अन्य जहाजबाट खोजी गरेपनि कुनै पत्तो नलागेको नागरिक उड्डयन कार्यालय पोखराले जनाएको छ ।

पोखरा अल्ट्रालाईटका प्रबन्ध

बाँकी अन्तिम पृष्ठमा......

ववीन टेलरिङ एण्ड सर्टिङ-सुटिङ

विगत १८ वर्षदेखि म्याग्दी जिल्लाको बेनीबजारमा संचालित बबिन टेलरिङ एण्ड सर्टिङ–सुटिङको शाखा पोखराको न्यूरोडस्थित भाटभटेनी सुपर मार्केटको आडमा पनि । विभिन्न ब्राण्ड र आकर्षक डिजाइनमा सुपथ मूल्यमा सर्टिङ–सुटिङका लागि एकपटक पुग्नैपर्ने ठाउँ ।

BABIN TAILORING & Shirting Suiting
HeadOffice: Hulak Chowk, Myagdi, Beni, Tel.: 069-520760
Branch: Newroad, Pokhara, Tel.: 061-527420
Email: babiinbagdash@yahoo.com,
Web: www.babintailors.com

STUDY IN JAPAN
January/April intake 2016
➔ High Visa Success rate
➔ NAT/JLPT Optional
➔ Audio/ Video को माध्यमबाट पढाइ
➔ College/ City of your Choice
➔ Free language / Documentation
➔ हप्ताको 28 घण्टा काम कलेजले नै खोजिदिने
➔ Gap भएकाले पनि Apply गर्न मिल्ने
➔ जापानमा आफ्नै Hostel र अफिस भएको
कक्षाहरु धमाधम संचालन भइरहेको छ । तुरुन्त सम्पर्क
पोखरा अफिस : JLCC Japanese Language & Culture Center
Chipledhunga, Pokhara (सिटी सेन्टरको ठीक अगाडि)
Ph.:061-535738,9846042399,9803832009
जापान अफिस: Global food trading Co.Ltd.
Ohashi Minami-ko fukuoka-shi, fukuoka, Japan Tel-81922113668

अन्य सेवाहरु :
International & Domestic Hotel Booking.
Tourist Bus Ticket & Other Travels.
Helicopter Charter.
Mr. Chetan Karki
Zero Point Travels & Tours (P.) Ltd.
Nagdhunga, Pokhara-9, Nepal
Phone : +97761-526004, 9856031455, 9846065544
Fax : +97761-526004
Email : zeropointtravels@yahoo.com
Travelzeropoint@gmail.com
Website : www.zeropointtravel.com.np

Ark को साथमा दशैंको बहार
नेपालीहरूको उमंगमय चाड बडा दशैंको अवसरमा Ark Smartphone को खरिद गरी प्राप्त गर्नुहोस् पक्का उपहार।

मोवाइल पाइने स्थानहरु :
हसपुर मोवाइल (चिप्लेढुंगा), कृष्णा मोवाइल (पंधीगल्ली), ए टु सतीचण्डी (चिप्लेढुंगा), न्यु सिटी सेन्टर (चिप्लेढुंगा), कालिका इम्पेक्स (चिप्लेढुंगा), रेजिना एम्पेक्स (चिप्लेढुंगा), टिएम इन्टरप्राइजेज (पृथ्वीचोक), ए डिजिटेक(पृथ्वीचोक), देउराली मोवाइल (पृथ्वीचोक), पौडेल मोवाइल (पृथ्वीचोक), पौडेल ब्रदर्श (पृथ्वीचोक), दाजुभाइ इलेक्ट्रोनिक्स (पृथ्वीचोक), केदार मोवाइल (पृथ्वीचोक), मनोकामना इलेक्ट्रोनिक्स (न्युरोड), रामकाजी इलेक्ट्रोनिक्स (न्युरोड), द सेल सिटी (न्युरोड), पाण्डे मोवाइल एण्ड टेलिफोन (महेन्द्रपुल), सिको टाइम (महेन्द्रपुल) किरण मोवाइल (महेन्द्रपुल), सुपर वाच एण्ड मोवाइल (महेन्द्रपुल), खरेल मोवाइल (महेन्द्रपुल), आर.डि.एस मोवाइल (महेन्द्रपुल), शुभ नमुना मोवाइल (नयाँबजार), न्यु फ्रेण्डशिप मोवाइल (जिरोकिमी), सिद्धार्थ मोवाइल (सिद्धार्थचोक), विन्ध्यवासिनी मोवाइल (विन्ध्यवासिनी), साईखोला मोवाइल (विन्ध्यवासिनी), टि.आर.सी. मोवाइल (विन्ध्यवासिनी), मौला घडि रेडियो(ट्याक्सीचोक), गौतम इलेक्ट्रोनिक्स (ट्रेडिखेल) रुपा कम्युनिकेशन (तेर्सापट्टी), रोनित मोवाइल (तेर्सापट्टी), दया इलेक्ट्रोनिक्स (बाग्लुङ बसपार्क), गोखाली मोवाइल (लेकसाइड), नमस्ते मोवाइल (विरौटा)

Regional Distributors (Gandaki-Dhaulagiri)
Aakura Trade Link
Chipledhunga, Pokhara, Phone :061-535679, 540398, Email: aakuratradelink@gmail.com

—रंग संसार—

कसरी मनाउँदैछन् पोखरेली कलाकर्मीले दशैं ?

राजाराम पौडेल/गोल्डेन
पोखरा ३० असोज ।

नवरात्रीको आगमनसँगै दशैंको चहलपहल विस्तारै बढ्दै छ। तर पनि इन्धन अभाव, विनाशकारी भूकम्प, बाढि पैरो लगायतका कारणले गर्दा अन्य वर्षको तुलनामा दशैंको रौनकमा कमी आएको छ। विस्तारै जनजीवन सामान्य हुने र दशैंलाई उल्लासमय तरिकाले मनाउन पाइने आशा आम पोखरेलीको छ। पोखराका व्यस्त बजारमा दशैंको किनमेल गर्नेको भिड विस्तारै बढेको छ। तर यो अन्य वर्षको तुलनामा निकै कमि हो। कला-साहित्यको राजधानी शहरको रुपमा परिचित सुन्दर नगरी पोखरामा दशैंको अवसरमा विभिन्न कार्यक्रमको आयोजना पनि भइरहेका छन्। यस्ता कार्यक्रममा सहभागिता जनाउनेको संख्या पनि थोरै छ। यति हुदाँ-हुदै पनि नेपाली साँगीतीक क्षेत्रमा स्थापीत बनीसकेको पोखराका संगीतकर्मी हरुले यसपालिको विजया दशमीलाई मनाउनै आ-आफ्नै योजना बनाएका छन्।

पोखरा बाहिर रहेर कलाकारिता क्षेत्रमा संघर्ष गरिरहेका कतिपय कलाकर्मी पोखरा आएका छन् भने केही आउने तरखरमा छन्। त्यस्तै पोखरालाई कर्मथलो बनाई अगाडि बढीरहेका कलाकारहरु आफ्नो जन्मथलो फर्किदैछन्। पछिल्लो क्रममा दशैं पर्वमा विभिन्न विकृति र विसंगति समेत भित्रिएको सबैलाई आभाष भैरहेको अवस्थामा यसप्रति कलाकर्मी पनि चिन्तित छन्। दशैंमा मान्यजनबाट टिका थाप्ने आर्शिवाद ग्रहण गर्ने पिङ खेल्ने, चङ्गा उडाउने भन्ने गरएिपनि पछिल्लो पुस्ताका व्यक्तिले यस्को संरक्षण गर्न नसकेको गुनासो आएको छ। त्यसो त दशैंको महत्व बढाउने खालका कार्यक्रम गरी संस्कृतीको रक्षा गर्नुपर्नेमा कलाकर्मीको एकमत छ। दशैंको अवसरमा विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिले यस वर्ष पनि नवदुर्गा महोत्सव र सिटि रेवानको आयोजनामा पोखरा रङ्गशालामा चौथो सिटी रेवान महोत्सव एण्ड फुड फेस्टिवलको आयोजना पोखरामा भैरहेको छ। यसैगरी विभिन्न ठाउँमा विभिन्न संघ संस्थाको आयोजनामा दशैं विशेष कार्यक्रमको आयोजना भएका छन्। यस्ता कार्यक्रममा केहि पोखरेली कलाकर्मीको सहभागिता देखिन्छ।

हरिदेवी कोइराला
(वरिष्ठ लोक दोहोरी गायिका)
पाँच वर्ष पछि टीका लगाउदै

विभिन्न कारणले विगतका वर्षहरुमा झै यो वर्षको रौनक नदेखिएपनि लोकदोहोरी गायिका हरिदेवी कोइरालाको यसपटकको दशै विशेष हुदैंछ। 'विगत लगातार पाँच वर्षको दशैमा टीका लगाउन नपाएर खल्लो हुने गरेको भएपनि यो दशैमा परिवारका साथ दशैं मनाउदै छुँ'-उनले भनिन्। वाल्यकालमा दशैंको महत्व ज्यादा हुने गरेको उनको अनुभव छ। बाल्यकालमा दशैंमा पिङ खेल्ने ठूलावडाको आर्शिवाद लिने मात्र नभएर दक्षिणाको रुपमा प्राप्त पैसाको महत्व हुने गरेको उनले सुनाइन्। 'दक्षिणाको रुपमा प्राप्त पैसा गन्न मजा आउथ्यो, नयाँ लुगा लगाउने चाहना हुन्थ्यो'-उनले भनिन्। चाडबाडमा तडक-भडक गर्नुहुदैन भन्ने मान्यताका उनी घाटी हेरेर हाँड निल्नका लागि सबैलाई आग्रह गर्छिन्। 'दशैं भनेको टिका र आर्शिवादको महत्व भएको पर्व भएकोले अनावश्यक खर्च गर्न हुँदैन'-उनले आग्रह गरिन्।

कृष्ण देवकोटा
लोक दोहोरी गायक
पिङ हाल्ने क्रम घट्दै गएकोमा दुःखी

अरुको सिको नगरौं आफ्नो हैसियतअनुसार दशैंलगायतका अन्य चाडपर्वहरु मनाउनुपर्छ भन्ने मान्यता राख्ने उनी पछिल्लो सययमा अरुले के गऱ्यो भनेर मान्छेहरु त्यहीअनुसार पछाडि लाग्ने प्रचलन बढिरहेकोमा चिन्तित छन्। आधुनिक शैलीबाट चाडपर्वहरुलाई मनाउने चलन बढेकोमा चिन्तित उनी आफ्नो हैसियत र परम्परा अनुसार आफ्नो संस्कृतिको मुल्य मान्यता अनुसार चाडपर्व मनाउन आग्रह गर्छन्।

पिङ खेल्न मन पर्ने बताउने उनी आजभोलि पिङ हाल्नेक्रम घट्दै गएकोमा दुःखी छन्। 'बाल्यकालमा गाउँतिर रमाइलो गरिन्थ्यो'-उनले भने। बजारबाट च्याङ्ग्रा लिएर जाने गाउँमा हालिने पिङ खेल्ने गरेको अनुभव उनको छ। मगर गाउँ नजिकै भएकोले रातभर रोदोबस्ने गरेको उनले सुनाए। विभिन्न कार्यक्रममा व्यस्त उनी अहिले इन्धन अभाव भएकोले दशै खल्लो हुने तर्क गर्छन्। त्यसो त विनाशकारी भूकम्प र बाढि पहिरोको कारण यसपालिको दशैं अघिल्ला वर्षहरुको जस्तो नहुने उनले बताए। तडक-भडक नगरि आफ्नो हैसियत अनुसार दशैं मनाउन सबैलाई आग्रह उनको छ।

विनोद बाँनिया
गायक
'पिङ खेल्न मन पर्छ'

पोखरेली गायक विनोद वानिया यसपालिको दशैं घरपरिवारकै साथमा मनाउने योजनामा छन्। भड्किलो तरिकाले दशैंलाई मनाउन नहुने तर्क राख्ने उनी पिङ खेल्न मन पराउँछन्। दशैं भन्नेवितिकै मासु खाने जाड-रक्सी खाने अनि जुवातास खेल्ने सोचाई हुन्छ, खेल्ने खाने भएमा 'लिमिट' रुपमा खान खेल्न उनको आग्रह छ। मुस्कान सहित दशैं मनाउनुपर्ने भन्ने उनी नेपाली चाडपर्व मनाउन छोडी विदेशी संस्कृतिको सिको गर्ने चलन प्रति असन्तुष्ट व्यत्त गर्छन्। जाँड रक्सी नखाई नेपालीहरु आफ्नो संस्कृतीको रक्षा गर्ने तर्फ सबै युवा जाग्नु पर्ने बेला आएको तर्क उनको छ। दशैंका केहि कार्यक्रममा व्यस्त रहेका उनी घुम्न मनपराउछन्। यसपालिको दशैंमा साथीहरुसँग अन्नपूर्ण वेस क्याम्प ट्रेकिङमा जाने योजना उनको छ। दशैंको मुख्य आर्कषण पिङ भएकोले पिङ खेल्न सबैलाई आग्रह गर्छन्। 'दशैंको मुख्य आकर्षण पिङ हो सबैले पिङ खेल्नुहोला' उनले भने।

तुलसा जिसी
लोक दोहोरी गायिका
'कार्यक्रममानै व्यस्त'

लोकदोहारी गायिका तुलसा जिसी दशैंको अवसरमा आयोजीत विभिन्न कार्यक्रममानै व्यस्त छन्। यसपालिको दशैं घरपरिवारसँग मनाउने उनको योजना छ। दशैंमा पिङखेल्न र मान्यजनको हातबाट टिका थापी आर्शिवाद गह्रण गर्न उनलाई मनपर्छ। आफ्नो हैसियत अनुसार संस्कृति जोगाउने तरिकाले दशैं मनाउनुपर्ने बताउने उनी एक अर्कामा सुमधुर सम्बन्ध बनाउने पर्व दशैं भएकोले जुवातास नखेली आफ्नो संस्कृति मूल्य र मान्यता अनुसार मनाउन आग्रह गर्छिन्। 'दशैंमा अनावश्यक तडक भडक नगरी आफ्नो हैसियत अनुसार दशैं मनाउनुहोला' उनले भनिन्। बाल्यकालमा दशैंको महत्व बढि हुने गरेको बताउने उनलाई पिङ खेल्न मन पर्छ।

राजन कार्की
दोहोरी गायक
साथी भाईसँग रमाइलो गर्ने

यसपालीको दशैंमा काममानै बढी व्यस्त भएको बताउने दोहोरी गायक एवंम सञ्चारकर्मी राजन कार्की साथीभाईसँग रमाइलो गर्ने सुरमा समेत छन्। आफ्नो दक्षता अनुसार मितव्ययीता अपनाएर दशै मनाउनु पर्छ भन्ने उनी दशैको नाममा विकृति विसंगति भित्रिएकोमा भने चिन्तित छन्। पिङ खेल्न मन पराउने उनी स्याङ्जा विचारी चौतारामा रहेका घर परिवारसँग दशैं मनाउने बताउँछन्। 'दशैंमा सबै परिवार, साथीभाई इष्टमित्रको भेटघाट हुने भएको भएपनि अनावश्यक तडक-भडकले दशैको महत्व घटाएको छ'-उनले दुखेसो पोखे। इन्धन अभावका कारण दशैंका सबै कार्यक्रममा सहभागिता जनाउन नपाएका उनी विवाह गरेको पहिलोवर्ष भएकोले ससुराली गएर टीका थाप्ने र आशिर्वाद लिने सोचमा छन्। उनी पनि बाल्यकालमा दशैंको रौनक बढि हुने गरेको बताउँछन्।

जसु गुरुङ्ग
नायिका तथा निर्देशक
'दशैं हङकङमा मनाउने'

गुरुङ्ग फिल्म कि नायिका एवं विभिन्न म्युजिक भिडियोकी निर्देशक जसु गुरुङ्ग यसपालिको दशैं हङकङमा गएर मनाउँदै छन्। उनीद्वारा अभिनित फिल्म 'चोखो माया' हङकङमा प्रदर्शन गरी त्यहाँ रहेका नेपाली सँग दशैं मनाउने उनले जनाइन्। सबै मिलेर सामाजिक चाडको रुपमा दशैंलाई मनाउनुपर्ने भनाइ राख्ने उनी भड्किलो तरिकाले दशैं मनाउन नहुने भन्दै जुवातास, मदिरापान सेवन नगरी आफ्नै मनबाट रचानात्मक कार्य गरी मनाउनु पर्ने धारणा राख्छिन्।'

दशैं भन्नेवित्तिकै पिङ, रक्सी, जुवातास जोडेर आउने भन्दै यसमा सजग भएर दशैंलाई दशाको रुपमा हैन हाँसी खुशी मनाउनुपर्छ'-उनी बताउँछिन्। लामो समयपछि साथीहरु, आफन्तजनहरु भेटिने हुँदा दशैंले आत्मीयता बढाउने उनको बुझाई छ। विगतको तुलनामा दशैंको रौनक घटेकोमा चिन्तित उनी विकृतिमुक्त पर्वको रुपमा दशैंलाई मनाउनु पर्ने धारणा राख्छिन्।

प्रतिक्रियाका लागि :
popdiary@gmail.com

भावना सहकारीको साधारणसभा

पोखरा २९ असोज ।(गोल्डेन)

पोखरा-२६ सराङकोटमा रहेको भावना सामुदायिक कृषि सहकारी संस्था लिमिटेडले चौथो वार्षिक साधारणसभा शुक्रबार एक कार्यक्रमका वीच सम्पन्न गरेको छ। संस्थाका अध्यक्ष शिवप्रसाद कोइरालाको सभापतित्व सम्पन्न कार्यक्रमका प्रमूख अतिथि सिद्धार्थ बैंक पोखरा बगर शाखाका प्रवन्धक किशोर अधिकारीले सहकारीका माध्यमबाट आर्थिक क्रियाकलापमा पुगेको योगदानका बारेमा प्रकाश पारेका थिए। कार्यक्रममा स्वागत मन्तव्य संस्थाका उपाध्यक्ष योगेन्द्रबहादुर थापाले राखेका थिए भने बडा सचिव रुद्रप्रसाद बस्ताकोटी, समाजसेवी रणबहादुर थापा, रामबहादुर थापा, राजु तिमिल्सिना लगायतले पनि मन्तव्य राखेका थिए। सहकारीका सचिव बलराम कोइरालाले कार्यक्रम संचालन गरेको साधारणसभामा ऋण समिति संयोजक सूर्य खड्का, कोषाध्यक्ष बेलबहादुर थापा र लेखा समिति संयोजक प्रजापति अधिकारीले प्रतिवेदन पेश गरेका थिए। सभाले संस्थाको रिक्त सदस्य पदमा रामबहादुर थापालाई चयन गरेको छ। त्यसैगरी शेयर पुजी वृद्धि गर्ने लगायतका निर्णयहरु साधारण सभामा भएको छ। संस्थाका शेयर सदस्यहरुको आर्थिक उन्नतिका लागि क्रियाशिल सो संस्थाले यसअघि सामाजिक उत्तरदायित्वका क्षेत्रमा पनि योगदान दिएको छ। सो सहकारीले गत बैशाखमा भूकम्पले घर ध्वस्त भएपछि वैकल्पिक बसोबासको व्यवस्था नभएका सराङकोटका बासिन्दाहरुलाई पौने तीन लाख नगद रकम वितरण गरेको थियो। भूकम्प पश्चात सो संस्थाको संयोजनमा स्थानीय अन्य संघसंस्थाहरुको सहयोगमा सहयोग रकम संकलन गरी भूकम्प प्रभावितहरुलाई वितरण गरेको हो।

पिस क्लबको हाजिरीजवाफ सम्पन्न

पोखरा २९ असोज ।(गोल्डेन)

विजया दशमी-२०७२ को अवसरमा पोखरा पिस क्लबद्वारा आयोजना गरिएको महिला समूहस्तरीय आमन्त्रित हाजिरी जवाफ प्रतियोगिता शुक्रबार सम्पन्न भएको छ। प्रतियोगितामा महिला विकासका लागि आमा समूह प्रथम हुन सफल भएको छ। त्यसैगरी महिला क्लबले दोस्रो स्थान, मासबार आमा समूहले तेस्रो स्थान, सशक्त नमूना महिला समूह र हरियाली कृषि महिला समूहले सान्त्वना स्थान हासिल गरेका छन्। प्रतियागितामा प्रथम हुने टीमलाई नगद ३५ सय, दोस्रोलाई नगद २५ सय, तृतीय हुनेलाई १५ सय र सान्त्वना हुनेलाई नगद पाँचसय र प्रमाणपत्र प्रदान गरिएको थियो। पुरस्कृत टीम तथा सहभागीहरुलाई पृथ्वीनारायण बहुमुखी क्याम्पस पोखराका सह-प्राध्यापक डा.उमानाथ बराल, विशेष अतिथि क्लबका सल्लाहकार दण्डराज पौडेल, कार्यक्रम संयोजक रञ्जना बराल र अध्यक्ष दामोदर बरालले नगद र प्रमाणपत्र प्रदान गरेका थिए। कार्यक्रममा प्रमुख अतिथि डा.उमानाथ बरालले क्लबले गरेको यो कार्यक्रमले महिला गृहिणीहरुलाइ समेत आकर्षित गरेको र महिलाहरुको क्षमता वृद्धिमा योगदान पुग्ने विश्वास व्यक्त गर्दै कार्यक्रमको निरन्तरतामा जोड दिएका थिए। कार्यक्रममा क्लबका संस्थापक अध्यक्ष राजेन्द्र अधिकारी, नेपाल रेडक्रस सोसाइटी पोखरा-७ उपशाखाका सभापति ठाकुरप्रसाद बराल, नुवारथोक टोल विकास संस्थाका अध्यक्ष सञ्जय पौडेलले क्लबको गतिविधिले समाजमा पुऱ्याएको योगदानका बारेमा खुलेरै प्रशंसा गर्दै शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

विदेश जानेहरुका लागि सुवर्ण अवसर

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला।

हाम्रा विशेषताहरु :- अन्तर्वार्ता घमाधम भइरहेको छ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराइने।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल

सम्पर्क | फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५५०२५२, मो. ९८४६०-४१४९२

सेफकिड्समा दशैं मनाइयो

पोखरा २९ असोज ।(गोल्डेन)

पोखराको नयाँबजारमा रहेको सेफ किड्स प्रि-स्कूलमा अध्ययन गर्ने बालबालिकाहरुका लागि विद्यालयले शुभकामना आदान-प्रदान कार्यक्रम आयोजना गऱ्यो। कार्यक्रममा विद्यार्थीहरुलाई विद्यालयका प्रवन्ध निर्देशक टेकमान प्रधानाङ्ग र शशि प्रधानाङ्गले टीका जमरा लगाएर आशिर्वाद दिनुका साथै प्रसाद वितरण गरेका थिए।

विद्यालयका प्रिन्सिपल नारायणी कोइरालाका अनुसार कार्यक्रममा विद्यार्थीहरुलाई दशैंको धार्मिक तथा सांस्कृतिक महत्वका बारेमा जानकारी गराउनुका साथै जमरा उमार्ने प्रक्रिया तथा विज्ञान सम्बन्धी शिप सिकाइएको थियो।

जल्धारे टोल विकासको साधारणसभा

गोल्डेन न्यूज संवाददाता
पोखरा २९ असोज ।

लेखनाथ-४ मा रहेको जल्धारे टोल विकास संस्थाको शुक्रबार आठौं वार्षिक साधारण सभा सम्पन्न गरेको छ। कार्यक्रममा विशेष अतिथि एवं जल्धारे बचत तथा ऋण सकहारीका अध्यक्ष मनोहरि ढुंगानाले टोल विकास संस्था समाजका एक विकासका सम्वाहक भएको र यस संस्थालाई समाजमा अझ बढि सक्रिय बनाउँदै, विगतमा भएका कमी कमजोरीलाई हटाउँदै लैजानु पर्ने बताए। सभामा जल्धारे टोलका सदस्य एवं जल्धारे सहकारीका ऋण समिति संयोजक नवराज ढुंगाना, नमुना महिला समूहकी अध्यक्ष निर्मला ढुंगाना, समाजसेवी लेखनाथ ढुंगाना, ज्ञानेश्वर ढुंगाना लगायतले संस्थाको बारेमा मन्तव्य राखेका थिए। कार्यक्रममा टोल विकास संस्था र महिला समूह मिली बाटो सरसफाई कार्यक्रम पनि गरिएको थियो। संस्थाकी अध्यक्ष सीता ढुंगानाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कोषाध्यक्ष इन्द्रप्रसाद ढुंगानाले संस्था प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन पेश गरेका थिए। स्वागत मन्तव्य सहसचिव शोभा कुमारी ढुंगानाले गरेकी थिइन भने सञ्चालन सचिव महेन्द्र ढुंगानाले गरेका थिए। संस्थामा हाल ४२ सदस्य छन् भने मासिक रु.२ सय बचत गरिदै आएको छ।

आजको पञ्चाङ्ग

मिति २०७२ साल आश्विन ३० गते शनिबार, तदनुसार अक्टुवर १७ सन् २०१५, श्रीशाके १९३७, नेपाल संवत् ११३५, कीलकनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शरद ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार आश्विनशुक्ल (दुर्गा) पक्ष चलिरहेको छ। सौरमान अनुसार आज आश्विनशुक्ल (दुर्गा) पक्षको चतुर्थी तिथि ५ घटि ६ पला अर्थात बिहानमा ८ बजेर ०६ मिनेटसम्म त्यसउप्रान्त पञ्चमी तिथि लाग्नेछ। आज सूर्य कन्या राशिमा, चन्द्रमा वृश्चिक राशिमा अहोरात्र रहनेछ। आज दिनमान २८ घटि ४४ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ४ मिनेटमा यम मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ३४ मिनेटमा हुनेछ।

आजको राशिफल

मेष : मित्रहरूबाट सहयोग पाइनेछ, कला क्षेत्रमा अभिरुचिबढ्ने, एकमुष्ठ रकम संकलन हुने, स्वादिष्ट व्यञ्जन प्राप्त हुनेछ।
वृष : आफ्नै पेशाबाट नोक्सान व्यहोर्नुपर्ने, यात्रा गर्दा कठिनाई, पढाईमा मन नजाने, समय खराब छ सतर्क रहनुहोला।
मिथुन : शैक्षिक तथा सामाजिक प्रगति हुने, प्रेमप्रसँग सुमधुर रहन सक्नेछन्, आदर सत्कार पाइने ठाउँमा सरिक हनु पाइनेछ।
कर्कट : दैनिक कार्य अधुरा हुन सक्नेछ, विरोधीहरू सक्रिय हुँदै जान सक्नेछन, स्वास्थ्य हानी समय तथा दिन खराब रहनेछ।
सिंह : नयाँ मित्रसँग भेट, आर्थिक क्षेत्रबाट लाभ पाइने, अधुरो कार्य पुरा हुने सम्भावना दिन महत्वपूर्ण रहनेछ।
कन्या : स्वास्थ्यमा क्रमिक सुधार आउनेछ, सापटी दिएको धन प्राप्त हुनेछ, दिन शुभ छ उपयोग गर्नुहोला।
तुला : पारिवारिक विरोध खेप्नुपर्ने, आफ्नै पेशाबाट घाटा हुन सक्ने, सामाजिक कचिलोले गर्दा दिनभर चिन्ता पर्नेछ।
वृश्चिक : स्वास्थ्य भरपर्दो हुनेछैन, खानेकुरामा सतर्क रहनुहोला, जमिन विवाद पर्न सक्ने, चनाखो भई कार्य शुरु गर्नुहोला।
धनु : एक्कासि धन तथा जमिन लाभ पाइने, नयाँ कार्यमा लगानी हुन सक्नेछ, दिन सबै प्रकारले शुभ रहनेछ।
मकर : पुरानो कार्यबाट आम्दानीमा एक्कासि बृद्धि, सहयोगी हातहरू बढ्नेछन्, धर्मकर्ममा मन जानेछ समय शुभ छ।
कुम्भ : समस्यासंग संघर्ष, पेट रोगले पिरोल्ने सम्भावना, व्यापारमा गिरावट, अशुभ समाचार सुन्नुपर्ला।
मीन : पारिवारिक किचलो थपिनाले मानसिक चिन्ता बढ्दै जानेछ, नकारात्मक सोचाईले गर्दा आफैलाई घाटा हुनेछ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

सस्तोमा जहाज टिकट

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस्।

World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

प्रो. वद्री के.सी. : ९८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्की : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७

ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस

चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४

शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतवन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस्।

(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ।)

आवश्यकता

कुक	१ जना
कुक हेल्पर	१ जना
वेटर/रूम ब्वाई	१ जना
हाउस किपिङ	२ जना

सम्पर्क
होटल साइलेन्ट पिक
लेकसाइड, पोखरा
फोन : ०६१-४६२८५७

खाजाघर बिक्रीमा

पोखराको चिप्लेढुंगा स्थित मानवअधिकार चोक अगाडि अत्यन्त चालु अवस्थामा रहेको खाजाघर विशेष कारणले तु-विक्रीमा छ।

सम्पर्क : ९८०५८१५६९१, ९८०५८७३१९१

पोखरामा पहिलो पटक

यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेनकिल।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home

पोखरा हर्वल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

"रंगहरूको अन्तिम गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल

यो‍र्स ट्रेड कन्सर्न

सर्वसूलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस्!

फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलरः एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

जीवन के.सी.
मो. ९८५६०-३८०६६, ९८०६६-४०६८५

पञ्चमुखी लक्ष्मी सप्लायर्स

हवेलीमार्ग, काजीपोखरी
पोखरा-१८

विवाह, ब्रतबन्ध, भोज तथा अन्य कुनै कार्यको लागि सफा खानेपानी चाहिएमा हामीलाई सम्झनुहोस्।

अनेक समस्या सफल उपचार

ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार।
यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार।
महिला सम्वन्धि समस्या
महिलामारी गडबढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिवा, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने।
दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम सास, वाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

सिद्धार्थ क्लवमा शुभकामना एवं सहकारी तालिम

गोल्डेन न्यूज संवाददाता
पोखरा २९ असोज ।

सिद्धार्थ क्लब पोखराले नेपालीहरुको महान चाड विजयादशमी तथा दीपावलीको शुभ अवसरमा बगालेटोल स्थित क्लबको सभाहलमा क्लबका अध्यक्ष अनिल श्रेष्ठको अध्यक्षतामा शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न गरेको छ । देशको असहजक परिस्थितमा नेपालीहरुको महान चाड विजयादशमी मनाउनुपरेता पनि यसलाई सहजताको रुपमा रहेर उल्लाशका साथ मनाउनु पर्ने भनाई व्यक्त गर्दै विजया दशमी तथा दिपावलीको उपलक्षयमा उपस्थित कार्यसमिति सदस्य, पूर्वअध्यक्ष, सदस्यहरु विभिन्न संघ-संस्थाका व्यक्तिहरु, कर्मचारी साथीहरुमा महान पर्वको शुभकामना व्यक्त गरे । कार्यक्रममा क्लबका निवर्तमान अध्यक्ष दिपेन्द्र मर्सानी, निर्देशक श्यामलाल श्रेष्ठ, सल्लाहकार समिति संयोजक ज्ञानेश्वरराज श्रेष्ठ, पूर्व अध्यक्षहरु रामनारायण श्रेष्ठ, सुमन कुमार श्रेष्ठ, राजेन्द्र कुमार श्रेष्ठ गणेश छवीले यस पर्व तडक भडक नगरि, आफ्नो गक्ष र वर्तमान परिस्थितमा स्वाभिमानका साथ मनाउनु पर्ने मनासायको भनाई व्यक्त गर्दै सवैमा विजयादशमी तथा दिपावलीको शुभकामना व्यक्त गरे । कार्यक्रममा बगालेटोल सुधार समितिका अध्यक्ष हिराकाजी श्रेष्ठ, शुभ सिद्धार्थ बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष श्याम कृष्ण श्रेष्ठ, लेकसिटी हस्पिटल एण्ड किटिकल केयर प्रा.लि.का टुकलाल नेपाली, सिद्धार्थ टोल विकास संस्थाका अध्यक्ष गोमा सुवेदी कोईराला, कुँवरटोल विकास संस्थाका अध्यक्ष पार्वती पौडेल, सिद्धार्थ क्लबका व्यवस्थापन प्रमुख सुशिल पराजुली, बाल प्रायोजन प्रमूख वलराम तिमिल्सिना लगायतले देशको असहज परिस्थितिमा हामीले मैत्रीपूर्ण वातावरण सृजना गरी अन्याय र अत्याचार विरुद्ध न्यायको जित गराउन अग्रसर रहनुपर्ने धारणा व्यक्त गर्दै सवैमा शुभकामना व्यक्त गरे ।

क्लबका सचिव तीर्थ श्रेष्ठले संचालन गरेको कार्यक्रममा प्रथम उपाध्यक्ष रवि मर्सानीले स्वागत मन्तव्य र शुभकामना कार्यक्रम संयोजकले धन्यवाद ज्ञापन गरेका थिए ।

यसैबीच सिद्धार्थ क्लब पोखराको अयोजना तथा जिल्ला सहकारी डिभिजन कार्यालय कास्कीको सहकार्यमा सहकारीमा आबद्ध महिलाहरुका लागि दुईदिने क्षमता अभिबृद्धि तालिम सुरु भएको छ । नवगठीत सहकारीका महिला सदस्यहरुलाई सहकारीको मान्यता, सिद्धान्त र नेपाल सरकारबाट गरीने संरक्षण तथा अनुगमनका बारेमा जानकार बनाउँदै सहकारीको सामाजिक तथा आर्थिक गतिविधि हरुलाई चुस्त दुरुस्त पार्नको लागि सैद्धान्तिक र ब्यवहारिक ज्ञान प्रदान गर्ने उद्देश्यले आयोजना गरीको तालिममा साबिक कृस्ती नाच्नेचौर गाबिसको दलित महिलाहरु रहेको मिर्मिरे कृषि सहकारी संस्था तथा अन्य नियमित बैठक बसी बचत गर्ने महिलाहरु गरी कुल २१ जना महिलाको सहभागिता रहेको कार्यक्रममा सहकारी निरीक्षक बिष्णुदेबी पोखेलको प्रमुख सहजिकरण गरीने क्लका कार्यक्रम संयोजक दुर्गाप्रसाद खनाले जानकारी दिए । सिद्धार्थ क्लब पोखराका सचिव तीर्थ श्रेष्ठको अध्यक्षतामा सञ्चालित कार्यक्रमको बिषय वस्तुका बारेमा नागरिक शिक्षा अधिकृत मनकुमारी तीलीजा पुनले कार्यक्रमको उद्देश्यमाथि प्रकाश र सामाजिक परिचालक हेमराज अधिकारीले कार्यक्रम सञ्चालने गरेका थिए ।

अन्तर ल्यम पुच फुटसल प्रतियोगितामा जारी

पोखरा २९ असोज ।

नयाँ बजार ल्याम पुचको आयोजनामा पोखरामा जारी अन्तर ल्यम पुच फुटसल प्रतियोगितामा बिहीबार ६ वटा खेल सम्पन्न भएका छन् । प्रतियोगिताको पहिलो खेलमा तेर्सापट्टी ल्यम पुचले मोहरीया टोल ल्यम पुचलाई ३-१ले हराएको थियो । दोश्रो खेलमा महेन्द्रपुल ल्यम पुच र रानीपौवा ल्यम पुचको प्रतियोगिता बराबरीमा टुङ्गियो । तेश्रो खेल पनि रामबजार ल्यम पुच र रामकृष्णटोल ल्यम पुचले २-२ गोल गर्न सफल भए । चौथो खेलमा नयाँबजार ल्यम पुच र भिमसिन टोल ल्यम पुचबीच १-१को बराबरी भयो । पाँचौ खेलमा तेर्सापट्टी ल्यम पुचले बागबजार ल्यम पुचलाई २-०को अन्तरले पराजित गऱ्यो । छैटौं खेलमा रानीपौवा ल्यम पुचले सिमलचौर ल्यम पुचलाई १-०को अन्तरले पराजित गऱ्यो । प्रतियोगिताको तेश्रो दिन शुक्रबार आठ खेल खेलिने नयाँबजार ल्यम पुचका अध्यक्ष अनुप ताम्राकारले जानकारी दिए ।

बाल पत्रकारिता तालिम

पोखरा २९ असोज ।

राईट फर चिल्ड्रेनले बालबालिकका लागि आयोजना गरेको तीनदिने रेडियो संचार तथा बाल पत्रकारिता सम्बन्धी तालिम शुक्रबार सम्पन्न भएको छ । बालबालिकाको क्षमता अभिवृद्धि गराउने उद्देश्यले आयोजना गरिएको तालिममा संचारकर्मी दिपेन्द्र श्रेष्ठले पब्लिक स्पिकङ्ग, विमल दाहालले न्युरियालिजम र भोकल टेक्निकको बारेमा बालालिकालाई सहजीकरण गरेका थिए । यस्तै तालिममा संस्थाका कार्यक्रम अधिकृत विष्णुकुमार मल्ल र निकिता कोईरालाले पनि बालबालिकालाई संचार, रेडियो, नाटकआदिको बारेमा प्रशिक्षण दिएका थिए ।

तालिममा कास्की जिल्लाका विभिन्न २१ वटा विद्यालयका ३४ जना बालबालिकाको सहभागिता रहेको थियो ।

खुशीको खबर !

के तपाईंलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

Study in Japan
City of your choice
Intake for January & April-2016
Tokyo | Chiba | Nagoya | Fukuoko | Sendai | Osaka | Okinawa | Gunma ken & many more ...
& China
Dalian | Nantong
1. SLC मा उर्तिणले apply गर्न सकिने
2. Part Time Job ग्यारेन्टी
3. Work Visa मा Change गर्न मिल्ने
4. विश्वविद्यालय जान सकीने
5. NAT & JLPT Not required
6. IT Job-Guaranteed Course for IT bachelor Students
Free Processing for Master, Bachelor & +2 First Divison Students*
Contact: WE MAKE YOUR FUTURE BRIGHT
MIRAI INTERNATIONAL EDUCATIONAL CONSULTANCY
Mahendrapool, Bastholathar (Medicalline), Pokhara
061-520113, 9856046980, 9846646980
miraiinternational.edu.cons@gmail.com

श्रीवृद्धि सहकारको सरसफाई कार्यक्रम

गोल्डेन न्यूज संवाददाता
पोखरा २९ असोज ।

पोखरा १२ हस्पिटलचोकमा रहेको श्रीवृद्धि बचत तथा ऋण सहकारी संस्था लिमिटेड अन्तरगत रहेको शिक्षा उप समितिले पोखरामा नेपालीहरुको चाड दशैं, तिहार तथा नेपाल संवाद लगायतको अवसरमा शुभकामना आदन-प्रदान तथा सरसफाई कार्यक्रम गरेको छ । सहकारीले पोखरा रामघाटमा रहेको गीता मन्दिर परिसरमा सरसफाई गर्नुका साथै मन्दिर व्यवस्थापन समितिलाई सरसफाईको सामग्री समेत हस्तान्तरण गरेको छ । कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गर्दै संस्थाका सल्लाहकार छवि गौडेलले सरसफाईको प्रक्रिया मानिसको जन्मदेखि जीवनभर चलिरहने भएकोले यसलाई दैनिक जीवनमा आत्मसाथ गर्दै अघि बढनुपर्ने बताए ।

सहकारीका अर्का सल्लाहकार मिनबहादुर गुरुङले सहकारीको मूल्य, मान्यता र सिद्धान्तलाई अवलम्बन गर्दै समाजमा छरिएर रहेका पूँजी तथा व्यक्तिहरुलाई एकीकृत गर्दै जानु सहकारीको मुख्य उद्देश्य रहेको बताए । सहकारीका अध्यक्ष प्राध्यापक डा.कृष्ण केसीको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रमलाई समापन गर्दै अध्यक्ष डा.केसीले दिर्घकालीन रुपमा सहकारीको तर्फबाट सरसफाई र यसको दिगो व्यवस्थापनको लागि आफनो व्यक्तिगत रुपमा र संस्थागत रुपमा पनि सधै सहयोग गर्ने बताए । श्रीवृद्धि सहकारीको कार्यक्षेत्र भित्र पर्ने गीता मन्दिरमा निकट भविष्यमै सहकारीको तर्फबाट फोहोर व्यवस्थापनका लागि डष्बिन लगातको सामाग्री प्रदान गर्ने समेत बताए ।

हार्दिक शुभकामना

विजयादशमी तथा शुभ दीपावली-२०७२ को पावन अवसरमा निर्माण सामाग्री लगायत विभिन्न क्षेत्रसंग सम्बन्धित उद्योगी व्यवसायी महानुभावहरु तथा स्वदेश र विदेशमा रहनुभएका नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, सम्वृद्धि, सु-स्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

रिवबहादुर थापा
प्रोपाइटर एवं
थापा व्रदर्श परिवार
पोखरा-८, नागढुंगा

अमेरिकन डेब्लोम्याटिक सेक्युरिटी तालिमको अवसर

१. State department एवं अन्य देशहरुबाट सेक्युरिटी तालिम प्राप्त, धेरै देशहरुमा सेक्युरिटी सुपर भाइजरका साथै सेक्युरिटी कन्सल्टेन्टमा काम गरेर अनुभव बटुल्नुभएका दक्ष, अनुभवी प्रशिक्षकबाट प्रशिक्षण गराइने ।
२. Dubai को DPS आवुधावीको PSBD कतारको Grup4 मकाउ, बहराइन, मलेसिया एवं Europe, America का deplometic Security तालिम छुट्टा-छुट्टै दिइने ।
३. व्यवहारिक एवं सैद्धान्तिक ज्ञान पूर्णरुपमा हासिल गराउने ।
४. शान्त वातावरणमा फराकिलो Classroom मा Securrity गार्डको Theory & Practical गराइने ।
५. अंग्रेजी भाषा सिकाउनुका साथै अंग्रेजी बोल्न सक्ने बनाउने ।
६. Interview का लागि तयारी बनाउने ।
७. तालिम पश्चात विदेश जानका लागि सर्टिफिकेट उपलव्ध गराइने ।
८. विदेश जान ईच्छुक हुनुहुने दाजुभाई तथा दिदीबहिनीहरुलाई परामर्श तथा प्रशिक्षण दिइने ।
९. नेपालमै विभिन्न संघसंस्था वित्तीय क्षेत्र बैंक, कलकारखाना, उद्योग, कलेज, स्कूल, हस्पिटलहरु आदि इत्यादि ठाउँहरुमा सेक्युरिटी गार्ड उपलव्ध गराइने ।

आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.

सम्पर्क : ९८४६३५५३४२ (डिसी अर्याल), ९८५६०२३८६२ (जितबहादुर)
९८०६७०८२४६, ९८०६७०८२४७, ०६१-५३०७२४ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेश कम्प्लेक्सको दोस्रो तला)

हार्दिक शुभकामना

विजयादशमी तथा शुभ दीपावली-२०७२ को पावन अवसरमा निर्माण सामाग्री लगायत विभिन्न क्षेत्रसंग सम्बन्धित उद्योगी व्यवसायी महानुभावहरु तथा स्वदेश र विदेशमा रहनुभएका नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, सम्वृद्धि, सु-स्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

दिनेश पराजुली
प्रोपाइटर एवं
गण्डकी हार्डवयेर एण्ड पेन्टस् परिवार
पोखरा-६, लेकसाइड

हार्दिक शुभकामना

विजयादशमी तथा शुभ दीपावली-२०७२ को पावन अवसरमा पर्यटन लगायत विभिन्न क्षेत्रसंग सम्बन्धित उद्योगी व्यवसायी महानुभावहरु तथा स्वदेश र विदेशमा रहनुभएका नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, सम्वृद्धि, सु-स्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सोम थापा
अध्यक्ष एवं
पोखरा पर्यटन परिषद् परिवार
पोखरा-६, लेकसाइड

हार्दिक शुभकामना

विजयादशमी तथा शुभ दीपावली-२०७२ को पावन अवसरमा गीत, संगीत, नृत्य तथा कला क्षेत्रमा संलग्न महानुभावहरुका साथै स्वदेश र विदेशमा रहनुभएका नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, सम्वृद्धि, सु-स्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गोरे गुरुङ
प्रोपाइटर एवं
अनुशिलन कला पाठशाला परिवार
पोखरा-११, रानीपौवा, फोन : ०६१-५३६९२०

वेशीशहर नगरपालिका कार्यालय

वेशीशहर, लमजुङ

वेशीशहर नगरपालिका, लमजुङको फोहोरमैला व्यवस्थापन गर्ने सम्बन्धमा बोलपत्र पेश गर्ने बारेको सूचना !

प्रथम पटक प्रकाशित मिति २०७२।०६।३०

वेशीशहर नगरपालिकाको शहरी क्षेत्रबाट उत्पादन हुने फोहोर व्यवस्थापन स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ११६(१), १२० र १२१ त्था स्थानीय निकाय आ.प्र.नियमावली, २०६४ को नियम १५७ बमोजिम सार्वजनिक निजी साझेदारीको अवधारणामा सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक संघ/संस्था तथा फर्महरुलाई तपशिलको शर्त बन्देजमा रही बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

(१) बोलपत्रमा बेशीशहर नगरपालिका क्षेत्रभित्रका घर, पसल, उद्योग, प्रतिष्ठान, व्यवसाय, संघ/संस्थाहरुबाट उत्पादन हुने फोहोर संकलन गरी एकिकृत फोहोर व्यवस्थापनको कार्य ढाँचा पेश गर्नु पर्नेछ।

(२) एकीकृत फोहोर व्यवस्थापन अन्तर्गत फोहोरको संकलन, वर्गीकरण, पुनःप्रयोग तथा पुनः चक्रणयोग्य, फोहोरको व्यवस्थापन, जैविक फोहोरबाट प्राङ्गरिक मल उत्पादन गर्ने कार्यसहित हानिकारक फोहोरहरु नगरपालिकाले निर्धारण गरेको मापदण्ड र स्थानमा विसर्जन गर्ने समेतको विस्तृत प्रस्ताव समावेश गर्नु पर्नेछ।

(३) बोलपत्रका साथ बोलपत्र दाता संस्थाको नाम, ठेगाना, सम्पर्क नं. कानून बमोजिम दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि, फोहोर व्यवस्थापन परियोजना कार्यान्वयन सम्बन्धी आर्थिक प्राविधिक प्रस्ताव एवं पूर्वाधार निर्माण र सञ्चालन सम्बन्धी अनुभव प्रष्टसँग उल्लेख गर्नुपर्ने छ। परियोजना कार्यान्वयन गर्न आवश्यका अनुभव, पूर्वाधार निर्माणका लागि आवश्यका जग्गा जमिन वा आफ्नै पूर्वाधार भएको प्रस्तावलाई ग्राह्यता दिइनेछ।

(४) बोलपत्रमा फोहोर व्यवस्थापनको कार्यढाँचा, संगठन संरचना, कार्य सञ्चालन प्रणाली लाभ-लागत तथा जोखिम विश्लेषण, सेवा सञ्चालन प्रकृया, नगरपालिकाले निर्वाह गर्नु पर्ने अपेक्षित भूमिका, कुनै शुल्क, दस्तुर लगाउने भए सो सम्बन्धी अधिकतम र न्यूनतम शुल्क विवरण आदि उल्लेख भएको हुनुपर्ने छ।

(५) बोलपत्र यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कार्यालय समयमा विदुर नगरपालिका कार्यालयमा दर्ता भई सक्नुपर्नेछ।

(६) म्याद भित्र पर्न आएका मनसायपत्र स्वीकृत गर्ने वा आंशिक रुपमा गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बेसीशहर नगरपालिका कार्यालय, लमजुङमा निहीत रहने छ।

(७) थप जानकारीका लागि बेशीशहर नगरपालिका कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

सामुदायिकमा शुभकामना आदान–प्रदान एवं स्वागत

गोल्डेन न्यूज संवाददाता
पोखरा २९ असोज ।

सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा पोखरा-१ बगरको आयोजनामा विजय दशमी तथा शुभदीपावलीको अवसरमा शुभकामना आदान प्रदान तथा नागरिक प्रहरी बीच अन्तरक्रिया कार्यक्रम शुक्रबार सम्पन्न भएको छ । कार्यक्रममा वडा प्रहरी वगर आएका प्रहरी निरिक्षक मोहनबहादुर खाँडलाई स्वागत गरिएको थियो । कार्यक्रममममा सामुदायिक सेवा जिल्ला समन्वय समितिका अध्यक्ष विष्णुबहादुर भट्टराई र सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा बगरकी अध्यक्ष जीवन अधिकारीले फूल माला र अविर लगाई स्वगत गरेका थिए । प्रहरी निरीक्षक खाँड यस चितवनको इलाका प्रहरी कार्यालय टाडीबाट सरुवा भई वडा प्रहरी कार्यालय वगरको प्रमुखमा आएका हुन् । कार्यक्रममा बोल्दै प्रमुख अतिथि सामुदायिक सेवा जिल्ला समन्वय समिति कास्कीका अध्यक्ष विष्णुबहादुर भट्टराईले पछिल्लो समयमा नागरिको जीवन कष्टकर वन्दै गएकोमा चिन्ता व्यक्त गरे । भारतले गरेको अघोषित नाकाँवन्दीका कारण नेपालीका

जीवन कष्टकर भएको बताउँदै उनले यसबारेमा स्थानीय प्रशासनले उपभोक्ताको दैनिक उपभोग्य सामान उपलब्ध गराउनका लागि सहजिकरण गर्नुपर्ने उल्लेख गरे ।

अहिले इन्धन समस्या हुदा नेपालीको जीवन ज्यादै कष्टकर बनेको छ, त्यसमाथि इन्धनमा कालाबजारी वढेको छ उनले भने- यस विषयमा स्थानीय प्रशासनले कालावजारी गर्नेलाई कार्वाही गर्नु पर्दछ । कार्यक्रममा बोल्दै वडा प्रहरी कार्यालय वगरका प्रमुख प्रहरी निरीक्षक मोहनबहादुर खाँडले नागरिक संग सहकार्य गरेर अगाडि वढ्ने बताए । प्रहरी एक्लैले मात्रै केहि कामले पूर्णता पाउदैन उनले भने- हाम्रो कार्यक्षेत्र भनेको समाज हो, समाजकै नागरिको साथ लिएर हामीले आफ्ना गतिविधिलाई अगाडि वढाउने छौं । शान्ति, अमन चयन गर्ने आफ्नो प्रमुख दायित्व भएको बताउदै उनले शान्ति अमन चयन कामय गर्न सामुदायिक सेवा केन्द्र बगर सग हातेमालो गरेर अगाडि वढ्ने बताए । उनले अपराधिक गतिविधि समाजमा नै हुने भएकोले समाजका नागरिक संगको सहकार्य विना अपराध रोकथाम गर्न नसकिने बताए । अपराध समाजमानै हुन्छ र अपराधि समाजमा नै लुकेको हुन्छ उनले भने-अपराधिलाई कानुनी कठघरामा उभ्याउनका लागि समाजकै नागरिक संग सहकार्य गरेर अगाडि वढ्ने छौं । उनले प्रहरी प्रशासनमा पनि कुनै गलत गतिविधि भए कारवाहीको दायरामा ल्याउने जनाए । कार्यक्रममा राष्ट्रिय उच्च माविका प्राचार्य कृष्ण उदासी, सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा वगरका सल्लाहकार गणेशबहादुर श्रेष्ठ, टोल विकास संस्था वडा नं. १ वडा समन्वय समितिका अध्यक्ष चन्द्रबहादुर गुरुङ, एकीकृत नेकपा माओवादीका तिलक कोइराला, सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवाकी संस्थापक अध्यक्ष सीता गुरुङ सामुदायिक सेवा केन्द्र पृथ्वीचोककी सदस्य शान्ति राणाले बोलेका थिए ।

सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा बगरकी अध्यक्ष जीवन अधिकारीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा कार्यक्रम संयोजक तथा सदस्य वसन्तराज बाँस्तोलाले स्वागत र सचिव गिरिप्रसाद गुरुङले कार्यक्रम सञ्चालन गरेका थिए ।

कपडा व्यवसायी र अर्पण लायन्समा शुभकामना

गोल्डेन न्यूज संवाददाता
पोखरा २९ असोज ।

कपडा व्यवसायी एशोसिएशन पोखरामा नेपालीहरुको महानपर्व विजयादशी तथा दीपावलीको अवसरमा शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न भएको छ । संस्थाका अध्यक्ष यामनाथ तिमिल्सिनाको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाका पदाधिकारी, सल्लाहकार एवं सदस्यहरुबीच शुभकामना आदान-प्रदान गरिएको थियो । कार्यक्रममा चोक बहादुर गुरुङ, राकेश अग्रवाल, नारायण प्रसाद दाहाल, जीवन खनाल, लेखनाथ पोडेल, नारायण प्रसाद अधिकारी, गजेन्द्रमान श्रेष्ठ, चक्रपाणि बाँस्तोला, लक्ष्मण कुमार श्रेष्ठ, जनकराज पराजुली, हरि पन्त, नवराज सापकोटा, माया श्रेष्ठ , मोहन सुवेदी, रामेश्वर अधिकारी, प्रेम भुजेल लगायतले शुभकामना आदान-प्रदान गरेका थिए । कार्यक्रममा स्वागत मन्तव्य उपाध्यक्ष विष्णु प्रसाद तिमिल्सिनाले स्वागत र महासचिव नविन नापितले कार्यक्रम संचालन गरेका थिए ।

यसैबीच लायन्स क्लव अफ पोखरा अर्पणमा शुभकामना आदान-प्रदान एवं सम्मान कार्यक्रम सम्पन्न भएको छ । शुभ विजयादशमी, दीपावली,छठ, इद लगायतका महत्वपूर्ण पर्वको अवसर पारी कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा बोल्दै कार्यक्रमका प्रमुख अतिथि एवं समाजसेवी मदनबहादुर केसीले सामाजिक एवं धार्मिक महत्वको विजयादशमीले सबै नेपाली घर सुख, शान्ति छावस् भन्ने कामना गरे । कार्यक्रममा जय मनकामना बचत तथा ऋण सहकारी संस्था लिका अध्यक्ष एवं दर्पण लायन्स क्लवका द्वितीय उपाध्यक्ष तथा पोखरा उपत्यका नगर विकास समितिका सदस्य पदमसिंह गुरुङ, अकलादेवी बृहत्तर धार्मिक क्षेत्र विकास समितिका अध्यक्ष पुष्पेन्द्र पाण्डे, लामाचौर महिला विकास बचत तथा ऋण सहकारीकी अध्यक्ष रेनुका आचार्य, महिला समाज कल्याण आमा समूहकी अध्यक्ष डिलमाया तिवारी, संस्थाकी प्रथम उपाध्यक्ष सविता क्षेत्री बानियाँ, सचिव अमिता बानियाँ केसी, कोषाध्यक्ष हीरा भण्डारी, सहकोषाध्यक्ष उमादेवी लामिछाने लगायतले शुभकामना आदान-प्रदान मन्तव्य राखेका थिए । कार्यक्रम संस्थाकी अध्यक्ष लक्ष्मी पाण्डेको अध्यक्षतामा भएको थियो । त्यस अवसरमा पोखरा उपत्यका नगर विकास समितिको सदस्यमा हालै मनोनित भएका धर्मसिंह गुरुङलाई बधाई, सफल कार्यकालको शुभकामना सहित सम्मान गरिएको थियो ।

यसैगरी पोखरा–१९ लामाचौरमा आयोजित एक कार्यक्रमका वक्ताहरुले भारतले लगाएको अघोषित नाकाबन्दीको विरोध गरेका छन् ।

नेपालीको महान पर्व बडादशैं, दीपावली, छठ तथा नेपाल सम्वत्को अवसरमा वडा कार्यालय, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्रले आयोजना गरेको शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रमका वक्ताहरुले विगत तीन सातादेखि जारी नाकाबन्दीले जनजीवन कष्टकर हुदाँ समेत भारतीय पक्ष चुप बस्नुले अन्तर्राष्ट्रिय सन्धी सम्झौताको धज्जी उडाएको बताएका हुन् । वडा सचिव सूर्य नेपालीको अध्यक्षतामा भएको कार्यक्रममा सहभागी राजनितिक दलका प्रतिनिधिले राष्ट्रिय स्वाभिमानका लागि भारतीय पक्षसँग नझुक्न पार्टी नेतृत्वलाई सुझाव दिएका छन् ।

सभामुखमा....

उपसभामुख निर्वाचित भइन । *घर्तीको बाल्यकाल एक साधारण किसान परिवारका सबै दुःखपीडा सामना गर्दै बित्यो । गाउँकै विद्यालयमा पाँच कक्षासम्म अध्ययन गरेपछि नजिकै विद्यालय नभएकाले रोल्पा सदरमुकाम लिवाङ गएर डेरा लिएर कठिन सङ्घर्ष गर्दै बालकल्याण माविबाट एसएलसी उत्तीर्ण गरे । एमाओवादीमा 'उषा' नामले चिनिने घर्ती प्रसाद घर्तीमगर र नौमती घर्तीमगरका माहिली छोरी हुन् । तीन दाजु, चार दिदी बहिनीमध्ये उनी नेपालको राजनीतिको सर्वोच्च पदमा पुग्ने थोरै महिला नेत्रीमध्ये एक हुन् । एक छोरा र एक छोरीकी आमा घर्ती २०५२ सालमा तत्कालीन माओवादीको आदेशमा भूमिगत हुने थोरै रोल्पाली महिलामध्ये एक हुन् ।*

'क्याफे ईटालियनो' मा तीन फिटको पिजा

गोल्डेन न्यूज संवाददाता
पोखरा २९ असोज ।

पोखराको लेकसाइडमा रहेको 'क्याफे ईटालियनो' मा परिवार र समूहमा आउनेका लागि मध्ये नजर गरे तीन फिटको पिजाबाट सेवा दिन थालेको छ । परिवार र समूहमा आउनेहरुले तीन फिट लामो पिजा तीन फरक स्वादमा खान पाउने 'क्याफे ईटालियनो'का संचालक भरत शर्माले जानकारी दिए । उनले पिजा भेज, नन्भेज र सिफुडबाट गरि तीन स्वादमा पाइने बताए ।

एउटा पिजाले करिब ४/५ जनालाई पुग्ने शर्माले बताए । शर्माले फरक स्वाद दिनका लागी यस्तो पिजा ल्याएको उनले बताए । 'क्याफे ईटालियनो'को परिकल्पना र स्इजरल्याडका किचन हाइजनिक परामर्श दाता हुन्स ज्याकोब गुटले परिस्कृत गरे पछि बजारमा ल्याएको बताए । अथिति गुरुप अन्तरगत रहेको 'क्याफे ईटालियनो', अथिति होटल, स्पा र ले क्याफेमा उनले परामर्श दिने शर्माले जानकारी दिए । खाना र सेवालाई अन्तर्राष्ट्रिय स्तरको बनाउन परामर्श दाता ल्याउने गरेको बताए । क्याफे ईटालियनोले पोखरामा अत्याधुनिक

सेवा सुविधा सहितको रेस्टुरेन्ट संचालनमा ल्याएका छ । रेष्टुरेण्ट र स्पामा गरि करिब ५ करोड रुपैंया लगानी भएको शर्माले जानकारी दिए । उनले रेष्टुरेण्टमा ४ करोड र स्पामा १ करोड लगानी भएको जानकारी दिए । विशेषगरि ईटालियन परिकारहरुलाई प्रथामीकता दिदै आएको रेष्टुरेण्टमा चाईनिज, कन्टिनेन्टल र अन्य परिकारहरु समेत पाइन्छन् । रेष्टुरेण्टमा बातानुकुलित, रुफटप, ओपन र गार्डेनको गरि ४ तहमा सुविधा युक्त रेस्टुरेन्ट छन् । रेष्टुरेण्टमा एकैचोटी १ सय ५० जनाले खान बस्न सक्ने क्षमता रहेको शर्माले बताए । रेस्टुरेन्टसंगै 'फूल फ्लेज स्पा' समेत संचालनमा छ ।

अल्ट्रालाइट....

निर्देशक पोम नारायण श्रेष्ठका अनुसार संभावित सबै स्थानमा खोजी गरिसकिएको छ । असोज २१ गते विहीवार पोखरा विमानस्थलबाट बिहान १० बजेर ३५ मिनेटमा यात्रु लिएर उडेको एयर क्राफ्ट उडान भरेको ६ मिनेटमै सम्पर्क विहिन भएको थियो । एक घण्टाको लागि यात्रु लिएर अन्नपुर्ण क्षेत्रको तर्फ उडेको जहाजको अन्तिम सर्म्पक १० वजेर ४१ मिनेटमा भएको थियो । जहाज ११ वजेर ३५ मिनेटमा पोखरा विमानस्थल फर्किसक्नुपर्ने थियो । जहाजमा पाइलट रसियन नागरिक ६० बर्षिय भ्यालरी बुटिन सहित यात्रु साउथ अफ्रिकन नागरिक ५० बर्षिय एलिजा वेथ वेल सवार थिए । जहाज दुर्घटनामा परेको आशंका गरिएपनि पुष्टि हुन सकेको छैन । पोखरा अल्ट्रालाईट कम्पनीले भित्र्याएको दुई वटा क्लोज एयर क्राफ्टले गत बर्षको कार्तिक १० गते देखि उडान थालेको थियो । जर्मनीबाट प्रति जहाज तीन करोड रुपैयाको दरले ६ करोड लगानीमा भित्र्याएको दुई मध्य एउटा सम्पर्क बिहिन भएको हो ।

गृहमन्त्रीको दौडबाट महरा बाहिरिए

गोल्डेन न्यूज संवाददाता
काठमाडौं २९ असोज ।

चर्को विवादपछि एकीकृत माओवादी महासचिव कृष्णबहादुर महरा उपप्रधानमन्त्री एवं गृहमन्त्रीको दौडबाट बाहिरिएका छन् । उनी रेसबाट बाहिरिएलगत्तै एकीकृत माओवादीका तर्फबाट सरकारको नेतृत्व पार्टी सचिव एवं संसदीय दलका उप नेता टोपबहादुर रायमाझीले गर्ने करिव-करिव निश्चत भएको छ । पार्टीका तर्फबाट सरकारको नेतृत्व पाएपनि रायमाझीले गृह मन्त्रालय भने नपाउने भएका छन् ।

एकीकृत माओवादी हेडक्वाटर निकट स्रोतका अनुसार रायमाझीलाई स्थानीय विकास वा अन्य कुनै जनतासँग प्रत्यक्ष सरोकार राख्ने मन्त्रालयको जिम्मेवारीसहित पार्टीका तर्फबाट सरकारको नेतृत्व गरेर पठाउने तयारी भएको छ । रायमाझीले सरकारको नेतृत्व पाए अन्य मन्त्रालयसहित जाने र नपाए गृहमन्त्रालयबाहेक अन्य जिम्मेवारी नलिने बताउँदै आएका थिए । एकीकृत माओवादीले शनिबार आफ्ना मन्त्रीहरुको नाम टुंगाउने तयारी गरेको छ ।

महराको नाममा पूर्वजनमुक्ति सेना, पार्टीकै स्थायी समितिका नेताहरुले विरोध जनाएपछि प्रचण्डले रायमाझीकै नेतृत्वमा अगाडि बढ्ने सोच बनाएको स्रोतले जनाएको छ । महराले पनि आफू निकट कार्यकर्ताहरु सँग 'दुष्मन' लागेको भन्दै पेरिसडाँडामै बसेर काम गर्ने बताएका छन् ।

उनी पार्टी महासचिवको रुपमा पेरिसडाँडामा व्यस्त रहँदै आएको रातोपाटीमा खबर छ । महरा र टोपबहादुर गृहमन्त्रालय नलिने ठाँउमा पुगेपनि अन्य नेताहरु बीचको विवाद भने टुंगिएको छैन । स्थायी समिति सदस्य शक्ति बस्नेत, जनार्दन शर्मा र अग्नि सापकोटाले गृह मन्त्रालयको जिम्मेवारी लिन चाहेको स्रोतले बतायो । गृहमन्त्रीका लागि पार्टीभित्रबाट एकपछि अर्को आकाक्षी भएपछि अध्यक्ष प्रचण्ड समेत तनावमा पुगेको लाजिम्पाट स्रोतले बतायो ।

भ्रमण गरौं पूर्वाञ्चल पुरा गरौं मनको रहर

❖ प्रत्येक सोमबार धरान ईलाम हुँदै ७ दिने दार्जीलीङ्ग सिक्किम टुर खाना बाससहित रु.१२०००।–मात्र
❖ प्रत्येक शुक्रबार ३ दिने हलेंसी महादेव दर्शन यात्रा खाना सहित रु.५०००।–मात्र
❖ नेपाल तथा भारतको तीर्थयात्रा तथा खानपान सहितको शैक्षिक भ्रमणहरु गराईन्छ ।

आयोजक
श्रीकृष्ण मनकामना तीर्थयात्रा कं.प्रा.लि.
प्रधान कार्यालय : इटहरी, सुनसरी
पोखरा सम्पर्क : होटल प्लानेटसगै, लेकसाइड, पोखरा
फोन : ९८५२०५७७२९, ९८५६०३९६३३, ०६१–४६४९१९

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अब अनलाइन मा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on :
www.goldennews.com.np

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, संस्थापक सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१–५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा